तामाकोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जफे, दोलखा

**सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशन मिति २०७७/०८/०९**

प्रस्तुत विषयमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिकाको दफा ५ बमोजिम यस आर्थिक वर्ष २०७७/०७८ को लागि तपशिल बमोजिमको उद्यम विकास सहजकर्ताको सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकाले तपशिल बमोजिम योग्यता पुगेका ईच्छुक ( उमेर १८ वर्ष भई ४० वर्ष ननाघेका) उमेर पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१-२०७७/०७८ | उद्यम विकास सहजकर्ता | चौथो | २ ( दुई जना ) |

**२. आवश्यक योग्यता र अनुभवः**

क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र (CTEVT) बाट उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तिर्ण गरेको गरेको वा

ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तिर्ण गरेको वा

ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परिक्षा (TSLC) उत्तिर्ण गरेको।

**३. दरखास्त दिने स्थानः** यस गाउँपालिकाको कार्यालयमा वा ito.tamakoshimun@gmail.com मा पनि पठाउन सकिने छ। दरखास्त फाराम तामाकोशी गाउँपालिकाको कार्यालय वा www.tamakoshi.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**४. दरखास्त दस्तुर –** रु.५,००।– यस तामाकोशी गाउँपालिकाको नेपाल बैँक लिमिटेड, चरिकोट शाखा, दोलखामा रहेको आन्तरिक राजस्व खाता नम्बर १३००३०००००१००१००००००२ मा रकम जम्मा गरेको भौचर वा कार्यलयमा नगदको रसिद पेश गर्नुपर्नेछ।

**५. दरखास्त दिने अन्तिम मितिः-** २०७७/०८/१६

**६. संलग्न गर्नुपर्ने कागजातहरुः**

क) निवेदन ख) वायोडाटा ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि घ) सीप परीक्षणको प्रमाणपत्र भएमा यसको प्रतिलिपि ङ) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि च) कामको अनुभव खुलेको कागजातहरु

**७.सेवा तथा सुविधाहरुः**

योग्यता र अनुभवको आधारमा गाउँपालिकाले सम्झौतामा तोके अनुसार तलब स्केल र फिल्डमा खटिएको अवस्थाको यातायात खर्च तथा दैनिक भ्रमण भत्ता उपलब्ध गराईने छ।

**८.छनौटको तरिकाः**

प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गरी अन्तरवार्ता लिईने छ। कोभिड १९ को कारणले गर्दा प्रारम्भिक सूचीमा परेका उम्मेदवारहरु अन्तरवार्ताको लागि उपस्थित हुन नसक्ने अवस्था भएमा टेलिफोन वा अन्य विद्युतीय माध्यमबाट पनि अन्तरवार्ता लिन सकिने छ।

तामाकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जफे,दोलखा बागमती प्रदेश, नेपाल २०७३

२०७७/०८/०९

निमेष मिश्र
प्रमुख प्रशासकीय अधिकृत